प्रदेश सरकार

लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)

मुकामः बुटवल, नेपाल

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

पत्र संख्याः २०७७/०७८

चलानी नं.: १००९

मितिः २०७७/०९/१०

**विज्ञान स्वयंसेवक शिक्षक (स्टेम संयोजक) पदका लागि दरखास्त आवह्रान सम्बन्धी सूचना ।**

सूचना प्रकाशन मिति २०७७।०९।१०

यस मन्त्रालयको आर्थिक वर्ष २०७७।७८ को स्वीकृत कार्यक्रम स्टेम शिक्षामा आधारित परियोजना सञ्चालन प्रयोजनका लागि विज्ञान स्वयंसेवक शिक्षक कार्यक्रम अन्तर्गत परिचालन हुने गरी **विज्ञान स्वयंसेवक शिक्षक (स्टेम संयोजक)** पदमा तपसिलको योग्यता प्राप्त व्यक्तिहरुबाट दरखास्त पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| | |
|---|---|
| १. **पदः विज्ञान स्वयमसेवक (स्टेम संयोजक)** | |
| २. **माग संख्याः** जम्मा ६ जना | |
| १. रुपन्देही १ जना विज्ञापन नं ०७७/७८/०१ | **(रुपन्देही र नवलपरासी बर्दघाट सुस्ता पश्चिमको लागि)** |
| २. कपिलवस्तु १ जना विज्ञापन नं ०७७/७८/०२ | **(अर्घाखाँची र कपिलवस्तु जिल्लाका लागि)** |
| ३. दाङ् १ जना विज्ञापन नं ०७७/७८/०३ | **(दाङ र रुकुम पुर्वका लागि)** |
| ४. बाँके १ जना विज्ञापन नं ०७७/७८/०४ | **(बाँके र बर्दिया जिल्लाका लागि)** |
| ५. पाल्पा १ जना विज्ञापन नं ०७७/७८/०५ | **(पाल्पा र गुल्मी जिल्लाका लागि)** |
| ६. प्युठान १ जना विज्ञापन नं ०७७/७८/०६ | **(प्युठान र रोल्पा जिल्लाका लागि)** |

३. **आवश्यक न्यूनतम योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट भौतिक विज्ञान विषयमा स्नातकोत्तर (MSC in Physics) गरेका र प्रचलित कानुन बमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको नेपाली नागरिक हुनुपर्ने छ ।

४. **पदस्थापन हुने निकायः** मन्त्रालय अन्तर्गतका सामाजिक विकास डिभिजन कार्यालय रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, पाल्पा र प्युठान जिल्लाका स्टेम कन्सोर्टियम रहने विद्यालय।

५. **कार्यविवरणः**

क) स्टेम शिक्षा **(Science,Technology,Engineering& Mathematics)** कार्यक्रम कार्यान्वनको फोकल पर्सनको रुपमा भुमिका निर्वाह गर्नु पर्ने ।

ख) स्टेम शिक्षाका सन्दर्भमा विकसित अवधारणा तथा विभिन्न मुलुकको कार्यान्वयन अनुभव समेतको जानकारी हासिल गरी प्रभावकारी कार्यान्वयनमा पहिलो भुमिका खेल्ने,

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

पत्र संख्याः २०७७/०७८

चलानी नं.:

ग) आफ्नो सेवा क्षेत्र भित्र पर्ने जिल्लाका कन्सोर्टियम तथा फिडर विद्यालयहरुलाई स्टेमको विकसित अवधारणाको सहजिकरणका साथै प्राविधिक सहयोग उपलब्ध गराउने,

घ) जिल्ला स्तरमा शिक्षकको क्षमता विकासका विभिन्न रणनीतिहरुको विकास गरी कार्यान्वयनमा ल्याउने,

ङ) परिवर्तित समय अनुसार आफ्नो क्षमता अभिवृद्धिका लागि निरन्तर लागि रहने र शिक्षकहरुलाई नवप्रवर्तनीय (Innovative) बनाउन उत्प्रेरकको भुमिका निर्वाह गर्ने,

च) गणित तथा बिज्ञान शिक्षकहरुको कक्षा अवलोकन गरी उनीहरुको क्षमतामा थप सुधार ल्याउन सुझाव उपलब्ध गराउने वा नमुना कक्षा पर्दशन गर्ने,

छ) कन्सोर्टियम रहेको विद्यालयबाट परिचालन हुने स्वयमसेवकहरुको क्षमता अभिवृद्धि गरी इन्नोभेसनका नमुनाका रुपमा विकास गरी परिचालनको सुनिश्चितता गर्ने,

ज) सम्बन्धित डिभिजन कार्यालय, निर्देशनालय र मन्त्रालयले दिएका निर्देशनहरुको पालना गर्ने

६. **दरखास्त दिने अन्तिम मितिः** मन्त्रालयको वेवसाईट www.mosd.p5.gov.np मा रहेको आवेदन डाउनलोड गरी आवेदन फाराम भरी यस मन्त्रालयमा उम्मेदवार स्वयं उपस्थित भई बुझाउन वा मन्त्रालयको इमेल mosdfive@gmail.com मा २०७७।१०।११ गते कार्यालय समय भित्र वुझाउन/ पठाउन सकिनेछ ।तोकिएको समय भन्दा ढिलो आउने आवेदन उपर कारवाही गरिने छैन ।

७. **परीक्षाको किसिम र छनौटका आधारः** न्यूनतम शैक्षिक योग्यता वापत ६० र अन्तर्वार्ता वापत ४० अंक हुनेछ। छोटो सूचीमा परेका उम्मेदवार मात्र अन्तर्वार्तामा सहभागी हुन पाउने छन् ।आवेदन पेश गर्ने उम्मेदवारहरुको प्रतिष्पर्धा विज्ञान नं अनुसारको समुहका विचमा हुनेछ ।छनौटमा उम्मेदवारलाई स्वीकृत गर्ने वा नगर्ने अधिकार सामाजिक विकास मन्त्रालयमा रहने छ।

८. **मासिक तलब र सुविधाः** स्टेम संयोजकको मासिक तलव नेपाल सरकारको माध्यमिक तह द्धितीय श्रेणी शिक्षक बरावरको तलव सुविधा र तोकिए अनुसारको अतिरिक्त भत्ता ।

९. **आवेदन फारामको साथमा पेश गर्नुपर्ने कागजातः** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपी र समकक्षता आवश्यक पर्नेमा सोको प्रमाणपत्रको प्रतिलिपी सम्बन्धित आवेदकले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

१०. **परिचालन अवधिः** २०७८ असार मसान्त सम्म रहने कार्यक्रम तथा कार्यसम्पादनका आधारमा थप गर्न सकिनेछ।

थप जानकारी चाहिएमाः ९८५७०६४०७०,९८५७०१५९९८, ९८५७०६३७८७

शाखा अधिकृत

अनसूची - १

## आवेदन फाराम

आवेदन गरेको पदः-

विज्ञापन नं. ..............................

### क) वैयक्तिक विवरणः

नाम थरः (देवनागरी लिपिमा) ........................................................................................

(अंग्रेजी ठुलो अक्षरमा) ........................................................................................

लिङ्गः ............................ जन्म मिति (वि स). ............................... ई स. ...................................

नागरिकता नं. ............................... जारी गर्ने जिल्लाः ......................... जारी मितिः .............................

फोन नं. ईमेल ठेगानाः

बाबुको नाम थरः........................................................................

आमाको नाम थरः ..................................................................

बाजेको नाम थरः ..................................................................

स्थायी ठेगानाः

क) जिल्लाः .................................. ख) न पा / गा पा.:...............................

ग) वडा नं. : ................. घ) टोलः.................................. ङ) मार्ग/ घ. न..:.........................

## ख) शैक्षिक योग्यता र तालिम

(आवेदन फाराम भरेको पदको लागि चाहिने आवश्यक न्युनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने)

शैक्षिक योग्यता

| विश्व विद्यालय र बोर्ड | शैक्षिक उपाधि | संकाय | श्रेणी, प्रतिसत वा जि. पि. ए | मुल विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

तालिम

| तालिमको विषय | तालिम प्रदायक संस्था | स्थान र ठेगाना | अवधी(मिति सहित) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

मैले यस अघि राष्ट्रिय योजना आयोग तथा यस प्रदेशबाट स्वमंसेवकमा नियुक्ति भई कार्य गरेको छैन ।मैले यस आवेदनमा खुलाएका सम्पुर्ण विवरणहरु सत्य छन । कुनै कुरा ढाटेको वा लुकाएको ठहरिएमा प्रचलित कानुन बमोजिम भएमा मेरो मन्जुरी हुनेछ ।

आवेदकको ल्याप्चे सहिछाप

दाया [ ] बायाँ [ ]

आवेदकको दस्तखत

............................

मिति: ................................